आकाशवाणी समाचार- नेपाली
मितिः ०३ जनवरी २०२६
समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

मुख्य समाचार

## मुख्य-समाचार

- भारतीय जनता पार्टीले पश्चिम बंगालमा कानून व्यवस्था पूर्ण रुपमा ठप्प भएको आरोप लगाएको छ ।
- चुनाव आयोगले मतदाता सूचीमा अनियमितता र फर्जी नामहरू समावेश गरेको आरोपमा पश्चिम बंगालका पाँच अधिकारीहरू विरुद्ध कडा कारबाही गर्ने निर्देशन दिएको छ।
- पश्चिम बंगालको बहुचर्चित स्कूल नौकरी घोटामा प्रवर्तन निदेशालयले राज्य सरकारको एक मंत्रीको संपत्तिहरु माथि ठुलो कार्यवाही गरेको छ।
- दार्जिलिङका संसद राजु विष्टले एक प्रेस बिज्ञप्ति जारी गरेर दार्जिलिङको सेभोकेदेखि एलेनबारीसम्म जोड्ने टिस्ता नदीमा नयाँ पुलको टेन्डर जारी भएको कुरा साझा गर्न पाउँदा खुसी ब्येक्त गर्नुभएको छ ।
- बलिवुड अभिनेता तथा भारतीय जनता पार्टीका शीर्ष नेता मिथुन चक्रवर्तीले भोली ४ जनवरीमा खरसाङको जनसभालाई सम्बोधन गर्ने जानकारी प्राप्त भएको छ।

### भाजपा-पश्चिम बंगाल

भारतीय जनता पार्टीले पश्चिम बंगालमा कानून व्यवस्था पूर्ण रुपमा ठप्प भएको आरोप लगाएको छ । नयाँ दिल्ली स्थित पार्टी मुख्यालयमा संवाददाताहरुलाई संबोधित गर्दै पार्टी प्रवक्ता गौरव भाटियाले आरोप लगाएका छन् कि राज्यका मुख्यमंत्री ममता बनर्जीको तुष्टीकरणको राजनीतिको कारण उहाको घुसपैठिहरु प्रति नरम लचिलो हुनु हो । विशेष गहन पुनरीक्षण-एस.आई.आर. कानूनी प्रक्रिया हो तर मुख्य मन्त्रीले यसको विरोध गरिरहेको उहाले अझ बताउनुभयो ।

Byte

## कोलकाता एफआईआर

चुनाव आयोगले मतदाता सूचीमा अनियमितता र फर्जी नामहरू समावेश गरेको आरोपमा पश्चिम बंगालका पाँच अधिकारीहरू विरुद्ध कडा कारबाही गर्ने निर्देशन दिएको छ। निर्वाचन आयोगले स्वत: संज्ञान लिदै जिल्ला मजिस्ट्रेटहरूलाई सम्बन्धित अधिकारीहरू विरुद्ध एफ.आई.आर दर्ता गर्ने निर्देशन दिएको छ। मतदाता नामावलीको विशेष गहन पुनरीक्षणको मतगणना चरणमा यी अधिकारीहरू माथि मतदाता नामावलीमा फर्जी नाम थपेको आरोप लगाइएको थियो। यसअघि निर्वाचन आयोगले उनीहरुलाई निलम्बनमा राख्न आदेश दिएको अनि राज्यको मुख्य सचिवलाई उनीहरु विरुद्ध एफआईआर दर्ता गर्ने निर्देश दिएको थियो । तरए निलम्बन गरिएता पनि राज्य सरकारले कुनै एफआईआर दर्ता गरेन । यस पछि निर्वाचन आयोगले स्वतः संज्ञान लिदै जिल्ला मजिस्ट्रेटहरुलाई सम्बंधित अधिकारी विरुद्ध एफआईआर दर्ता गर्ने निर्देश जारी गरेको छ ।

### बंगाल स्कूल नौकरी घोटाला

पश्चिम बंगालको बहुचर्चित स्कूल नौकरी घोटामा प्रवर्तन निदेशालयले राज्य सरकारको एक मंत्रीको संपत्तिहरु माथि ठुलो कार्यवाही गरेको छ। केंद्रीय एजेंसीले मंत्री अनि उहाँको पत्नी र छोराको नाममा दर्ता कुल १० संपत्ति जफत गरेको छए जसको अनुमानित बाजार मूल्य

लगभग ३ करोड़ ६०  लाख रुपिया रहेको छ। ईडी सुत्र अनुसार संपत्तिहरुको मूल्यांकन पंजीकरण समयको मुल्यको आधारमा गरिएको छ द्य केंद्रीय एजेंसीको एक वरिष्ठ अधिकारीले बताए अनुसार यदि मंत्रीले यी संपत्तिहरुको खरीदको लागि प्रयोग गरिएको धनको वैध स्रोतको ठोस प्रमाण दिन नसके यी सम्पत्तिहरूलाई नीलामी गरिने छ। ईडीले पहिले नै स्कूल नौकरी घोटालेमा दर्ता गरिएको आरोप पत्रमा मन्त्रीलाई आरोपि बनाएको छ। आरोप छ कि मंत्रीले प्राथमिक स्कूलहरुमा नौकरी दिलाउन अयोग्य उम्मीदवारहरुबाट लगभग १२ करोड़ ७५ लाख रुपियाँ वसूलेका थिए। ईडीले आरोप पत्रमा दावा गरेको छ कि मंत्रीले कुल १५६ अयोग्य उम्मीदवारहरुको सिफारिश गरेका थिए अनि औसतन प्रतेक उम्मीदवारबाट झन्डै आठ लाख रुपिया लिएका थिए। एजेंसी अनुसार यस मामिलामा मंत्री सित पूछताछ आवश्यक छ यसैले उनलाई हिरासतमा लिन आवश्यक रहेको छ।

## स्वामी विवेकानंद जन्मोत्सव २०२६

रामकृष्ण मिशनले स्वामी विवेकानंदको पैतृक आवास एवं सांस्कृतिक केंद्रको  तत्वावधानमा स्वामी विवेकानंद जन्मोत्सव २०२६ को आयोजन गरिने भएको छ। यस अवसरमा स्वामी विवेकानंद मिलन मेला सहित पांच दिनसम्म विचारए संस्कृतिए संगीतए नाटक अनि युवा संवादसित सम्बन्धित धैरै कार्यक्रमहरु हुनेछ। आयोजन नौ जनवरीदेखि शुरू भएर १३ जनवरी सम्म चल्नेछ। आयोजकहरुको भनाई अनुसार यस आयोजनको उद्देश्य स्वामी विवेकानंदका विचारहरुलाई नयाँ पीढ़ी सम्म पुर्याउनु अनि युवाहरुलाई राष्ट्र सेवाए मानवता अनि आत्मविश्वासको मार्गमा प्रेरित गर्नु हो।

## राजु विष्ट - प्रेस बिज्ञप्ति

दार्जिलिङका संसद राजु विष्टले एक प्रेस बिज्ञप्ति जारी गरेर दार्जिलिङको सेभोकेदेखि एलेनबारीसम्म जोड्ने टिस्ता नदीमा नयाँ पुलको टेन्डर जारी भएको कुरा साझा गर्न पाउँदा खुसी ब्येक्त गर्नुभएको छ। उहाले प्रधानमन्त्री श्री नरेन्द्र मोदी अनि केन्द्रीय सडकए यातायात तथा राजमार्ग मन्त्री श्री नितिन गडकरीलाई यस क्षेत्र र यहाँका जनतालाई यो सुन्दर नयाँ वर्षको उपहार दिनुभएकोमा धन्यवाद दिनुभएको छ। ऐतिहासिक कोरोनेशन पुलको विकल्पको निर्माण यस क्षेत्रका जनताको लामो समयदेखिको माग हो र छ वर्षको कडा परिश्रम पछि मेरो अर्को सपनाको परियोजना वास्तविकतामा परिणत हुँदैछ भनि उहाले अझ बताउनुभयो। केन्द्र सरकारले यस परियोजनाको लागि कुल 1 हजार 172 करोड 77 लाख रुपियाँ विनियोजन गरेको छ जसमा नागरिक निर्माणए भुमि अधिग्रहणए वातावरणीय लागत आदि सम्बन्धी लागत समावेश छन्। कोरोनेसन पुलले दार्जिलिङए कलेबुंगए सिक्किमए सिलगडी ए डुवर्स क्षेत्र र उत्तरपूर्वी राज्यहरू बीचको एक महत्त्वपूर्ण लिंकको रूपमा काम गर्दछ। एक पटक सम्पन्न भएपछि यो नयाँ पुलले त्यो भूमिका लिनेछ र ऐतिहासिक कोरोनेसन पुलमा पर्ने बोझलाई उल्लेखनीय रूपमा कम गर्नेछ।

## श्रमिक नेताहरूको भविष्य निधि आयुक्तसँग भेट

क्रामाकपा श्रमिक संगठनका महासचिव सुनिल राई अनि गोजमुमो श्रमिक संगठनका अध्यक्ष सुरज सुब्बाले हिज सिलगडी स्थित भविष्य निधि कार्यालयमा भविष्य निधि आयुक्त श्री एस. एन. साहसँग भेट गरी पहाडका चिया श्रमिकहरूले पी.एफ. (भविष्य निधि) र पेन्सन सम्बन्धी विषयमा भोग्दै आएका समस्याहरूको समाधानका लागि विस्तृत वार्तालाप गरेका छन्। यस क्रममा उहाँहरुले लामो समयदेखि बन्द अवस्थामा रहेका चिया बगानका श्रमिकहरूले पी.एफ. र पेन्सन नपाउँदा भोग्दै आएका गम्भीर समस्याहरू आयुक्तसमक्ष राख्दै शीघ्र समाधान गरिदिन अपील गरेका थिए।यसको जवाबमा भविष्य निधि आयुक्त श्री एस. एन. साहले हाल दार्जीलिङका पी.एफ. कमिश्नर अनुपस्थित भए तापनि आफ्नो व्यक्तिगत हस्तक्षेपमार्फत श्रमिकहरूको समस्याको समाधान गरिदिने वचन दिएका छन्। साथैए कतिपय चिया बगानहरूमा पुनः श्रमिक सहायता क्याम्प सञ्चालन गरी पी.एफ. तथा पेन्सनसम्बन्धी समस्याहरू समाधान गरिने आश्वासन पनि आयुक्तले दिएका छन्।

## टी बोर्ड इण्डिया

वाणिज्य एवं उद्योग मन्त्रालयए भारत सरकार अधीनस्थ टी बोर्ड इण्डियाद्वारा टी डेभलपमेन्ट एण्ड प्रमोसन स्किम २०२५.२०२६ अन्तर्गत खरसाङको सिटोङ अर्ग्यानिक स्मल टी ग्रोवर्स वेलफेयर सोसाइटीए सिटोङ १ संस्थालाई दार्जिलिङ क्षेत्रीय टी डेभलपमेन्ट अधिकारी फुरी शेर्पाले चिया कृषिमा प्रयोग गरिने आवश्यक उपकरण अनि सामानहरू उपलब्ध गराएका छन्। यसमा टी हार्भेस्टरए प्रुनिङ मशीनए पावर स्प्रेए ब्रस कटरए वेजिङ स्केलए प्लास्टिक क्रेट आदि उपकरणहरु रहेका छन्।

## कन्चनजङ्गा फूटबल एकाडेमी

कन्चनजङ्गा फूटबल क्लब (ज्ञथ्ब्ध सिलगडीले बालबालिकाहरूलाई फूटबलको आधारभूत सीप सिकाउने उद्देश्यले स्थापना गरेको कन्चनजङ्गा फूटबल एकाडेमी हिज देखि औपचारिक रूपमा सुरु भएको छ।

Byte

## मिथुन चक्रवर्ती- जनसभा

बलिवुड अभिनेता तथा भारतीय जनता पार्टीका शीर्ष नेता मिथुन चक्रवर्तीले भोली ४ जनवरीमा खरसाङको जनसभालाई सम्बोधन गर्ने जानकारी प्राप्त भएको छ। दादा साहेब फाल्के पुरस्कार विजेता मिथुन चक्रवर्तीले ४ जनवरीको दिन खरसाङमा भारतीय जनता पार्टीद्वारा आयोजित जनसभालाई सम्बोधन गर्ने बताइएको छ।

भारतीय जनता पार्टीको दार्जिलिङ जिल्ला महासचिव सोनाम लामाए जिल्ला सचिव बिनय प्रसाद र जिल्ला मिडिया प्रभारी चन्दन प्रसादले जानकारी गराए अनुसारए आगामी ४ जनवरीको दिन बिहान १० बजीदेखि खरसाङको मोटर स्ट्याण्डमा हुने भाजपाको जनसभालाई मिथुन चक्रवर्तीले सम्बोधन गर्नेछन्। मिथुन चक्रवर्ती उत्तर बङ्गालको पार्टीगत पाँच दिने भ्रमणमा बिहिवार बागडोगरा आइपुग्नु भएको छ।

****** ० ******